सञ्चालनमा रहेका पर्यटन व्यवसाय तथा पर्यटन व्यवसायीले संवत् २०८० साल चैत्र मसान्तसम्म दर्ता इजाजतपत्र प्राप्त गर्न वा नवीकरण गर्नको लागि अनुसूची-५ बमोजिमको दर्ता इजाजतपत्र शुल्क वा नवीकरण शुल्क दाखिला गरेमा लाग्ने जरिवाना मिनाहा गरी त्यस्ता पर्यटन व्यवसाय तथा पर्यटन व्यवसायीले सम्बन्धित पर्यटन डिभिजन कार्यालयबाट पर्यटन व्यवसाय दर्ता इजाजतपत्र प्राप्त गर्न वा नवीकरण गर्न सक्नेछन्।

१३. **वन पैदावार तथा वन क्षेत्रको नदीजन्य पदार्थको शुल्क बाँडफाँड सम्बन्धी विशेष व्यवस्थाः** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएका प्रदेशका सामुदायिक वन उपभोक्ता समूहले स्वीकृत कार्ययोजना बमोजिम वन क्षेत्रबाट निकालिएका साल प्रजातिको काठ उपभोक्ता समूहले आफ्ना सदस्यलाई बिक्री वितरण गर्दा प्राप्त हुने रकम मध्ये पच्चीस प्रतिशत वन पैदावार शुल्क वापतको रकम नियमित रूपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(२) राष्ट्रिय वन क्षेत्रमध्ये प्रदेशका सामुदायिक वन क्षेत्रमा रहेका खोला खोल्सीको व्यवस्थापन गर्दा प्रचलित कानून बमोजिम उत्पादन तथा सङ्कलन हुने नदीजन्य पदार्थको बिक्री वितरण गर्दा त्यस्तो बिक्रीबाट प्राप्त हुने शुल्कमध्ये दश प्रतिशतले हुन आउने रकम सम्बन्धित डिभिजन वन कार्यालयले त्यस्तो सामुदायिक वन उपभोक्ता समूहको खातामा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सङ्कलन तथा बाँडफाँड भएको शुल्कको एकीकृत विवरण सम्बन्धित डिभिजन वन कार्यालयले तालुक मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा इकाई कार्यालयमा मासिक रूपमा पठाउनु पर्नेछ।